गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

# प्रदेश जनस्वास्थ्य कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

जनस्वास्थ्य बुलेटिन
अंक: १६
महिना: जेष्ठ
आ. व: २०८२/८३

## जनस्वास्थ्य बुलेटिन- जेष्ठ २०८२

### मुख्य उपलब्धीहरु

- ☐ AI प्रयोग मार्फत स्वास्थ्य शिक्षा: स्वस्तिमा, डिजिटल साथी
- ☐ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (FCHV) आधारभूत तालिम
- ☐ सायना प्रेस विस्तार सम्बन्धी समन्वयात्मक अन्तरक्रिया बैठक
- ☐ पोषण अवस्था लेखाजोखा कार्यक्रम
- ☐ जनप्रतिनिधि तथा पोषणसँग सम्बन्धित सरोकारवालाहरूसँग पैरवी बहस
- ☐ महिनावारी स्वच्छता दिवस विशेष मेला २०८३ सफलतापूर्वक सम्पन्न
- ☐ स्थानीय तहका स्वास्थ्यकर्मीहरूका लागि NTD सम्बन्धी ३ दिने तालिम
- ☐ क्षयरोग तथा छाती रोगहरूको खोजपडताल कार्यक्रम ३ स्थानीय तहमा

### मासिक कार्यक्रम सारांश

संचालित कार्यक्रम कुल संख्या: २८

कार्यक्रम प्रकारअनुसार:

- तालिम: ०४
- अभिमुखीकरण: ०४
- अन्तरक्रिया तथा गोष्ठी: ०५
- स्थलगत अनुशिक्षण: ०७
- अनुगमन तथा सुपरिवेक्षण: ०४
- समिक्षा तथा अन्य बैठक: ०१
- समुदाय साझेदारी कार्य: ०३

### संचालित कार्यक्रमहरुको विवरण

#### AI प्रयोग मार्फत स्वास्थ्य शिक्षा: स्वस्तिमा, डिजिटल साथी

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) द्वारा AI प्रविधिको प्रयोगमार्फत स्वास्थ्य शिक्षा तथा सूचना प्रवाहलाई प्रभावकारी बनाउन “स्वस्तिमा” नामक डिजिटल साथीको विकास गरी नियमित रूपमा स्वास्थ्यसम्बन्धी जानकारी, शिक्षा तथा सञ्चार (IEC) सामग्री प्रसारण गर्ने कार्य भइरहेको छ। यस माध्यमबाट समुदायमा स्वास्थ्य सचेतना अभिवृद्धि, सही सूचना प्रवाह तथा डिजिटल स्वास्थ्य साक्षरता प्रवर्द्धनमा सहयोग पुगेको छ। समयसापेक्ष स्वास्थ्य सन्देश, सरसफाइ, पोषण, परिवार योजना तथा रोग रोकथामसम्बन्धी सामग्रीहरू सरल तथा आकर्षक ढंगले प्रस्तुत गर्दिँ आएको छ।






## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (FCHV) १० दिने आधारभूत तालिम- ३ सम्पन्न

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजना तथा मध्यविन्दु नगरपालिका, कावासोती नगरपालिका, हुप्सेकोट गाउँपालिका तथा विनयी त्रिवेणी गाउँपालिकाको समन्वयमा "महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका १० दिने आधारभूत तालिम" सफलतापूर्वक सम्पन्न गरिएको छ। उक्त तालिममा हालसम्म आधारभूत FCHV तालिम प्राप्त नगरेका स्वयंसेविकाहरूको सहभागिता रहेको थियो। तालिममा प्राथमिक स्वास्थ्य सेवा, मातृ तथा शिशु स्वास्थ्य, परिवार योजना, पोषण, सरुवा तथा नसर्ने रोगहरूको रोकथाम, खोप सेवा, समुदाय स्तरमा स्वास्थ्य प्रवर्द्धन, स्वास्थ्य अभिलेखीकरण तथा रिपोर्टिङ प्रणाली लगायतका विषयहरूमा विस्तृत प्रशिक्षण प्रदान गरिएको थियो।






## सायना प्रेस विस्तार तथा परिवार योजना सेवा सम्बन्धी समन्वयात्मक अन्तरक्रिया बैठक

मिति २०८३/०२/०५ गतेका दिन प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजना तथा विनयी त्रिवेणी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको समन्वयमा विनयी त्रिवेणी गाउँपालिका, दुम्कीबासमा "सायना प्रेस विस्तार तथा परिवार योजना सेवा सम्बन्धी समन्वयात्मक अन्तरक्रिया कार्यक्रम" सफलतापूर्वक सम्पन्न भएको छ। कार्यक्रममा सायना प्रेस सेवा विस्तार, परिवार योजना सेवाको सुदृढीकरण विषयमा विस्तृत छलफल गरिएको थियो।






## पोषण अवस्था लेखाजोखा कार्यक्रम

मिति २०८३/०२/०६ गते प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजना तथा देवचुली नगरपालिकाको समन्वयमा कुमारवर्ती आधारभूत विद्यालय, देवचुली-१३ मा ५–५९ महिनासम्मका बालबालिकाहरूको पोषण अवस्था लेखाजोखा कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। कार्यक्रम अन्तर्गत कुल ३६ जना बालबालिकाको पोषण अवस्था लेखाजोखा गरिएकोमा २० जना बालक तथा १६ जना बालिका रहेका थिए साथै लेखाजोखाको क्रममा १ जना बालकमा मध्यम कुपोषण (MAM) पहिचान गरिएको थियो ।






## स्थानीय तहका जनप्रतिनिधि तथा पोषणसँग सम्बन्धित सरोकारवालाहरूसँग पैरवी बहस तथा अन्तरक्रिया

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत "पोषण अवस्थाको लेखाजोखा तथा सरोकारवालाहरू बीच पोषण सम्बन्धी पैरवी बैठक तथा अन्तरक्रिया कार्यक्रम" मध्यविन्दु नगरपालिका र बौदीकाली गाउँपालिकामा सम्पन्न भएको छ। कार्यक्रमको मुख्य उद्देश्य स्थानीय तहको पोषण अवस्थाको समीक्षा गर्नु, पोषणसँग सम्बन्धित सवालहरूमा सरोकारवालाहरूबीच साझा बुझाइ विकास गर्नु तथा बहुक्षेत्रीय समन्वय र सहकार्यलाई सुदृढ बनाउनु रहेको थियो।





## विद्यालय नर्सद्वारा ५ वर्ष माथिका बालबालिकालाई जुकाको औषधि खुवाउने कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मार्फत भीमसेन नमुना माध्यमिक विद्यालयमा कार्यरत विद्यालय नर्स पूजा गौतमद्वारा ५ वर्ष माथिका बालबालिकाहरूलाई जुकाको औषधि खुवाउने कार्यक्रम सञ्चालन गर्नु भएको छ। उक्त कार्यक्रममार्फत बालबालिकाहरूलाई जुकाको संक्रमणबाट जोगाउन जुकाको औषधि खुवाइएको थियो। साथै, बालबालिकाको स्वास्थ्य संरक्षण तथा संक्रमणजन्य समस्याको न्यूनीकरणका लागि नियमित रूपमा जुकाको औषधि सेवनको महत्वबारे जानकारी प्रदान गरिएको थियो।





## महिनावारी स्वच्छता दिवस विशेष मेला २०८३ सफलतापूर्वक सम्पन्न

"महिनावारी मैत्री समाजका लागि सहकार्य" भन्ने मूल सन्देशका साथ प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजना तथा विनयी त्रिवेणी गाउँपालिकाको समन्वयमा आयोजित "महिनावारी स्वच्छता दिवस विशेष मेला २०८३" मिति २०८३ जेष्ठ १३ गते श्री भानुदय नमुना माध्यमिक विद्यालय, विनयी त्रिवेणी गाउँपालिका-०२ मा सफलतापूर्वक सम्पन्न भएको छ। कार्यक्रम बाल क्लब- सदस्य सुश्री दिपा बिकको अध्यक्षतामा सम्पन्न भएको थियो भने विनयी त्रिवेणी गाउँपालिकाका शिक्षा अधिकृत श्री भुपराज पाण्डे, जनस्वास्थ्य अधिकृत श्री आकृति बराल तथा श्री भानुदय नमुना माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री बलराम सुवेदीको गरिमामय उपस्थिती रहेको थियो। मेलामा हाजिरीजवाफ प्रतियोगिता, सांस्कृतिक प्रस्तुति तथा जानकारीमूलक स्टलहरू सञ्चालन गरिएका थिए। कार्यक्रममा सहभागी विद्यार्थीहरूले उत्साहजनक सहभागिता जनाएका थिए।






## स्थानीय तहका स्वास्थ्यकर्मीहरूका लागि NTD सम्बन्धी ३ दिने तालिम सम्पन्न

मिति २०८३ जेठ ७, ८ र ९ गते प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजनामा विनयी त्रिवेणी गाउँपालिका सभाहल, दुम्किवासमा स्थानीय तहअन्तर्गतका नगर, तथा आधारभूत अस्पतालमा कार्यरत चिकित्सक, पारामेडिक्स, नर्सिङ स्टाफ तथा प्रयोगशालाकर्मीहरूको सहभागितामा ३ दिने NTD (Neglected Tropical Diseases) सम्बन्धी तालिम सफलतापूर्वक सञ्चालन तथा सम्पन्न गरिएको छ। तालिममा NTD सम्बन्धी रोगहरूको पहिचान, रोकथाम, उपचार तथा व्यवस्थापन, समुदायस्तरमा जनचेतना अभिवृद्धि विषयमा विस्तृत रूपमा प्रशिक्षण प्रदान गरिएको थियो।







## Portable X-ray मार्फत क्षयरोग तथा छाती रोगहरूको खोजपडताल कार्यक्रम ३ स्थानीय तहमा सम्पन्न

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को समन्वय तथा प्रादेशिक रोग नियन्त्रण केन्द्र, गण्डकी प्रदेश पोखराको प्राविधिक सहयोगमा जिल्लाका ३ स्थानीय तहमा Portable X-ray मार्फत क्षयरोग (TB) छाती रोगहरूको खोजपडताल कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। कार्यक्रमअन्तर्गत सञ्चालन गरिएको ACF (Active Case Finding) Camp मार्फत सम्भावित क्षयरोगका बिरामीहरूको प्रारम्भिक पहिचान, छातीको X-ray परीक्षण तथा आवश्यक स्वास्थ्य परामर्श प्रदान गरिएको थियो। साथै, समुदायस्तरमा क्षयरोग सम्बन्धी जनचेतना अभिवृद्धि, समयमै निदान तथा उपचार सेवामा पहुँच विस्तार गर्ने उद्देश्यका साथ कार्यक्रम सञ्चालन गरिएको थियो।






## स्तनपान परामर्शदाताहरुको लागि स्तनपान सम्बन्धी तालिम सञ्चालन- दुई ब्याच

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजनामा नर्सिङ स्टाफहरूका लागि स्तनपान परामर्शदाता सम्बन्धी तालिम दुई ब्याचमा सफलतापूर्वक सञ्चालन गरिएको छ। यस तालिमको उद्देश्य स्वास्थ्य संस्थाहरूमा कार्यरत नर्सिङ स्टाफहरूको स्तनपान सम्बन्धी ज्ञान, सीप तथा परामर्श क्षमताको अभिवृद्धि गर्दै आमाहरूलाई स्तनपान सम्बन्धी गुणस्तरीय सेवा प्रदान गर्न सक्षम बनाउनु रहेको थियो। तालिममा प्रशिक्षण सत्रहरू शान्ति भण्डारी, वरिष्ठ नर्सिङ अधिकृत तथा बिष्णु ढकाल, सि.अ.न.मी.- मध्यविन्दु प्रादेशिक अस्पतालद्वारा सञ्चालन गरिएको थियो। साथै, कार्यक्रमको सहजीकरण प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत श्री छबिलाल सुवेदीद्वारा गरिएको थियो।




## MNH अनसाईट क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को वार्षिक स्वीकृत मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रम अन्तर्गत देवचुली नगरपालिकाको देवचुली नगर अस्पतालमा क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रम सम्पन्न गरिएको छ । क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रममा सामान्य प्रसूति, प्रसूती पछिको अत्याधिक रक्तस्राव व्यवस्थापन, प्रि-एक्लेम्पसिया/ एक्लेम्पसिया व्यवस्थापन, निशासिएको नवशिशुको व्यवस्थापन, संक्रमण रोकथाम र नियन्त्रण जस्ता विषयमा ज्ञान सिपको बिकास गरिएको थियो साथै अनसाईट कोचिङको तेश्रो दिन गुणस्तर सुधार अनुगमन (QI) गरी सुधारको लागि बैठक बसी सुधार गर्नुपर्ने विषयहरुमा कार्ययोजना पनि बनाइएको थियो ।




## आधारभूत स्वास्थ्य सेवाको स्तरीय उपचार पद्धति (BHS-STP) सम्बन्धी तालिम सम्पन्न

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत आधारभूत स्वास्थ्य सेवाको स्तरीय उपचार पद्धति (BHS-STP) सम्बन्धी तालिम मिति २०८३/०२/२२ देखि २०८३/०२/२४ गतेसम्म देवचुली नगरपालिका-१३, दुम्कौलीस्थित साहारा पार्टी प्यालेस मा सफलतापूर्वक सम्पन्न भएको छ। तालिमको मुख्य उद्देश्य आधारभूत स्वास्थ्य सेवामा कार्यरत स्वास्थ्यकर्मीहरूको उपचार तथा व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धि गरी स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर तथा प्रभावकारिता सुदृढ बनाउनु रहेको थियो।





## नसर्ने रोग (NCDs) स्क्रीनिङ शिविर: विनयी त्रिबेणी गाउँपालिका

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विनयी त्रिवेणी गाउँपालिकाको समन्वयमा मिति २०८३/०२/२७ गते विनयी त्रिवेणी गाउँपालिका-०४ स्थित बेनिमानिपुर स्वास्थ्य चौकीमा नसर्ने रोग (NCDs) स्क्रीनिङ शिविर सफलतापूर्वक सम्पन्न भएको छ। शिविरमा स्थानीय समुदायका कुल १३२ जना सेवाग्राहीहरूले स्वास्थ्य परीक्षण तथा स्क्रीनिङ सेवा प्राप्त गरेका थिए। स्क्रीनिङका क्रममा रक्तचाप, रक्तमा चिनीको मात्रा, शरीरको तौल तथा उचाइ मापन, जीवनशैली सम्बन्धी स्वास्थ्य परामर्श सेवा प्रदान गरिएको थियो।






## *National Cadet Corps (Junior)* छनोट विद्यार्थीहरुको स्वास्थ्य परीक्षण कार्यक्रम

श्री बन तथा वातावरण सुरक्षा गण, हात्तीखोर ब्यारेकको आयोजना तथा नेपाल सरकारको नीति तथा कार्यक्रम अनुरूप श्री राष्ट्रिय सेवा दलद्वारा मिति २०८३/०३/०१ देखि २०८३/०६/०१ सम्म सञ्चालन हुने सि.स. ५२ NCC जुनियर डिभिजन संस्थागत तालिममा सहभागी हुने श्री विश्वज्योति माध्यमिक विद्यालय, देवचुली नगरपालिका-१५ का विद्यार्थीहरूको स्वास्थ्य परीक्षण कार्यक्रम मिति २०८३/०२/२९ गते सफलतापूर्वक सम्पन्न भएको छ। कार्यक्रम देवचुली नगरपालिकाको समन्वयमा सञ्चालन गरिएको थियो। स्वास्थ्य परीक्षण कार्यका लागि भिमसेन नमुना माध्यमिक विद्यालयमा कार्यरत विद्यालय नर्स (School Health Nurse) श्री पूजा गौतमलाई परिचालन गरिएको थियो।




## परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवाको तथ्याङ्क सुदृढीकरण (FP Data Pro सहितको तालिम)

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आर्थिक वर्ष २०८२/०८३ को संघीय सशर्त अनुदान अन्तर्गत स्वीकृत परिवार कल्याण कार्यक्रम अनुसार "परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवाको तथ्याङ्क सुदृढीकरण (FP Data Pro सहितको तालिम)" मिति २०८३/०२/२६ देखि २०८३/०२/२८ सम्म प्रदेश जनस्वास्थ्य कार्यालयको तालिम हल, कोल्हुवामा सफलतापूर्वक सम्पन्न भएको छ।कार्यक्रममा जिल्लाका स्थानीय तहहरूका परिवार योजना कार्यक्रम फोकल पर्सनहरू तथा परिवार योजना सेवा प्रदान गर्ने निजी स्वास्थ्य संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।




## प्रदेश जनस्वास्थ्य कार्यालयमा GIWMS, GIOMS, E-attendance

नेपाल सरकारको 'सरकारी कार्यालयको वेबसाईट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका २०७८' बमोजिम, साथै सूचना प्रविधि विभाग, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको 'सम्पूर्ण सरकारी निकायको वेबसाईट अनिवार्य एकीकृत वेबसाईट व्यवस्थापन प्रणाली (GIWMS) मा आवद्ध गराउने निर्णय' बमोजिम, प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) ले आफ्नो वेबसाइट GIWMS प्लेटफर्ममा सफलतापूर्व आवद्ध गराएको जानकारी गराउँदछौं साथै नेपाल सरकारको 'सरकारी कार्यालयको ई हाजिरी व्यवस्थापन सम्बन्धी निर्देशिका' बमोजिम प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा कार्यालय कर्मचारीहरूको उपस्थिति व्यवस्थापनका लागि ई–हाजिरी प्रणाली (e-Attendance) पनि सुरु गरिएको जानकारी गराउँदछौं।






## 'त्रिवेणी सुस्ता हेल्थ डेक्स (Health Desk)' विशेष

### हेल्थ डेस्कबाट 'जेस्ठ २०८२' महिनामा प्रवाह गरिएको स्वास्थ्य सेवाहरुको विवरण



औलों जाचँ: २३२
डेंगी जाचँ: ०१
कोभिड-१९: ००
एच.आई.भी: १९२




औलों पोजेटिभ: ००
डेंगु पोजेटिभ: ००
कोभिड-१९ पोजेटिभ: ००
एच.आई.भी पोजेटिभ: ०१

- कुल परिक्षण: ४२५
- जम्मा परामर्श सेवा गरेको संख्या: ९५३ (महिला: ४१२, पुरूष: ५४१)
- जम्मा स्क्रिनिङ गरेको संख्या: ४२५ (महिला:९७, पुरूष: ३२८)
- जम्मा प्राथमिक उपचार गरिएको संख्या: १३४ (महिला: २७, पुरूष: १०७)

### जिल्लाका जेस्ठ महिनाका शीर्ष १० स्वास्थ्य समस्याहरुको सूची

| Rank | ICD-11 Code* | स्वास्थ्य समस्या | केस संख्या | प्रतिशत (%) |
|---|---|---|---|---|
| 1 | DA63 | ग्यास्ट्राइटिस/अम्लपित्त (Gastritis/Acid Peptic Disorder) | ३३,३७२ | २९.५३% |
| 2 | BA00 | उच्च रक्तचाप (Hypertension) | १८,३९४ | १६.२८% |
| 3 | NA00 | चोटपटक/काटिएको घाउ (Cut Injuries) | १७,०९८ | १५.१३% |
| 4 | ME84 | ढाड तथा मांसपेशी दुखाइ (Musculoskeletal Pain) | १०,९२५ | ९.६७% |
| 5 | 1C62 | कुकुरले टोकेको (Dog Bite) | ६,५१४ | ५.७७% |
| 6 | CA40.1 | COPD (दीर्घ अवरोधात्मक फोक्सो रोग) | ४,२१७ | ३.७३% |
| 7 | ME84.2 | तल्लो ढाड दुखाइ (Lower Back Pain) | ३,८४३ | ३.४०% |
| 8 | FA20 | गठिया (Arthritis) | ३,६६६ | ३.२४% |
| 9 | 1C61.Y | अन्य रेबिज जोखिमयुक्त जनावरले टोकेको | २,२२४ | १.९७% |
| 10 | GB50 | प्रोस्टेट वृद्धि (Benign Prostatic Hyperplasia/Prostatism) | १,५३८ | १.३६% |

नि:शुल्क प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा सम्बन्धी विवरण
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी सूची
Scan to view

स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्बन्धी कार्यविधि, २०७५ [दोस्रो संशोधन २०८१]
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी
Scan to view

## सामाजिक संजालमा प्रदेश जनस्वास्थ्य कार्यालय- नवलपरासी (ब.सु.पू.)

**जे.ई. रोग विरुद्धको विशेष खोप अभियान २०८२ सम्बन्धी सूचना- प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**




[पुरा भिडियो को लागि यहा क्लिक गर्नुहोस]

**जे.ई. रोग विरुद्धको विशेष खोप अभियान २०८२ सम्बन्धी सूचना- प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**





[पुरा भिडियो को लागि यहा क्लिक गर्नुहोस]

**राष्ट्रिय स्वास्थ्य शिक्षा, सुचना तथा संचार केन्द्रद्वारा तयार गरिएको जापनीज इन्सेफलाइटिस् बारे जनचेतनामूलक भिडियो प्रस्तुति**






**जिल्लाका १० सर्पदंश उपचार केन्द्र तथा स्वास्थ्य संस्थाहरु सम्बन्धी जानकारी भिडियो**






- एच. पि.भी खोप अभियान २०८१ सारांश भिडियो प्रस्तुति: https://www.facebook.com/61564852269142/videos/1251224415970599
- नसर्ने रोगहरुको पहिचानको लागि १ महिने महिना फागुण २०८१को सारांश भिडियो प्रस्तुति : https://www.facebook.com/61564852269142/videos/946614314129210


## राष्ट्रिय प्राथमिकता कार्यक्रम तथा प्रदेश अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन योजनासंग सम्बन्धित सूचकहरु मासिक तथा यस आ. व. २०८२/८३ को प्रगती विवरण




# स्थानीय तहमा भएका स्वास्थ्य कार्यक्रमहरुको सुची

## गैंडाकोट नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
३. स्थानीय तहको समस्या पहिचान तथा सम्बोधन विशेष कार्यक्रम
४. पूर्ण खोप सुनिश्चित कार्यक्रम
५. भिटामिन ए तथा जुकाको औषधी खुवाउने कार्यक्रम
६. विपन्न नागरिक औषधि उपचार कार्यक्रम

## देवचुली नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. ५ वर्ष मुनिका बालबालिकाहरुको पोषण अवस्था लेखाजोखा कार्यक्रम
३. पूर्ण खोप सुनिश्चित कार्यक्रम
४. भिटामिन ए तथा जुकाको औषधी खुवाउने कार्यक्रम
५. Portable X-ray मार्फत छातीको रोग पहिचान कार्यक्रम
६. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
७. प्रजनन रुग्णता शिविर संचालन

## मध्यविन्दु नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
३. पूर्ण खोप सुनिश्चित कार्यक्रम
४. भिटामिन ए तथा जुकाको औषधी खुवाउने कार्यक्रम
५. नि:शुल्क आँखा शिविर

## कावासोती नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. पूर्ण खोप सुनिश्चित कार्यक्रम
३. भिटामिन ए तथा जुकाको औषधी खुवाउने कार्यक्रम
४. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
५. पोषण कार्यक्रम

## बुलिङटार गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. निः शुल्क बाल रोग विशेषज्ञ सेवा, स्त्री तथा प्रसूति रोग सेवा आखाँ जाँच शिविर तथा नि:शुल्क भिडियो एक्स-रे (Video X-Ray) सेवा कार्यक्रम
३. अपाङ्ग, अशक्त र जेष्ठनागरीकहरुको स्वास्थ्य परीक्षण, तथा परामर्श कार्यक्रम
४. पूर्ण खोप सुनिश्चित कार्यक्रम
५. भिटामिन ए तथा जुकाको औषधी खुवाउने कार्यक्रम

## विनयी त्रिवेणी गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. पूर्ण खोप सुनिश्चित कार्यक्रम
३. सुनौलो १००० दिनका आमाहरुलाई पोषण बिशेष अभिमुखीकरण तथा पोषण लेखाजोखा कार्यक्रम
४. महिलाहरूको पाठेघरको मुखको क्यान्सर चेकजाँच स्वास्थ्य शिविर
५. भिटामिन ए तथा जुकाको औषधी खुवाउने कार्यक्रम

## हुप्सेकोट गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. पूर्ण खोप सुनिश्चित कार्यक्रम
३. MNH अनसाईट क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रम
४. FP लामो अवधीको परिवार योजना सेवा घुम्ती शिविर

## बौदीकाली गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. सुत्केरी घरभेट जाँच कार्यक्रम
३. स्थानिय स्तरमा चिकित्सा सेवा बिस्तार कार्यक्रम
४. PNC कार्यक्रमको समीक्षा तथा योजना तर्जुमा गोष्ठी
५. स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड (MSS) स्वमूल्यांकन र संयुक्त मूल्यांकन कार्यक्रम
६. वृहत् पोषण कार्यक्रम






## जनस्वास्थ्य कार्यालयको 'असार' का लागि कार्ययोजना

- निजी स्वास्थ्य संस्था (आधुनिक तथा आयुर्वेद चिकित्सा) संचालन अनुगमन, समन्वयात्मक बैठक तथा स्थलगत अनुशिक्षण,
- परिवार योजना र किशोरकिशोरी स्वास्थ्य सेवा कार्यक्रम संचालन अन्तर्गत किशोरकिशोरी सेवा विस्तार कार्यक्रम
- विद्यालयलाई स्वास्थ्य प्रवर्धनात्मक विद्यालय प्रमाणीकरण गर्ने कार्यक्रम
- राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (आधारभूत तथा पुनर्ताजगी तालिम तथा स्वयंसेविकाको लागि सामग्री समेत)
- उपचारात्मक सेवा सम्वन्धि कार्यक्रमहरु; BHS (STP) सम्बन्धी तालिम, IMNCI तालिम

## जनस्वास्थ्य कार्यालयको अनुरोधहरु

- प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गर्मी मौसममा जिल्लाबासीहरूलाई अत्यधिक गर्मीबाट जोगिन हल्का कपडा लगाउन, प्रशस्त पानी तथा झोलयुक्त खानेकुरा सेवन गर्न, तथा दिउँसोको चर्को घाममा सकेसम्म बाहिर ननिस्कन हार्दिक अनुरोध गर्दछ।
- प्रदेश जनस्वास्थ्य कार्यालय गर्मी मौसममा देखिने विभिन्न स्वास्थ्य समस्याहरू जस्तै डिहाइड्रेसन, झाडापखाला, टाइफाइड, सनस्ट्रोक तथा छालासम्बन्धी समस्याबाट बच्न विशेष स्वास्थ्यमा ख्याल दिन र कुनै लक्षण देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न सम्पूर्ण जिल्लाबासीलाई अनुरोध गर्दछ।

## सम्पर्कको लागि

**सूचना अधिकारी:** प्रविण कुमार खनाल, जनस्वस्थ्य अधिकृत, +९७७ ९८५७०७९२३६, honawalpur@gmail.com

**गुनासो सुन्ने अधिकारी:** केशव प्रसाद चापागाईं, जनस्वास्थ्य प्रशासक/कार्यालय प्रमुख, +९७७ ९८५७०४७९७६

**हेल्लो स्वास्थ्य (स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय):** १११५













